## बजेट बक्तब्य

## फूङलिङ नगरपालिकाको छैटौं नगरसभामा उप प्रमुख श्री बम बहादुर भट्टराईद्वारा प्रस्तुत बजेट बक्तब्य २०७६

फूङलिङ नगरपालिकाको छैटौ  नगर सभाका अध्यक्ष ज्यू,

विषयगत समितिका संयोजक ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु,  उपस्थित सञ्चारकर्मी ज्यूहरु एवम आर्थिक बर्ष ०७६/७७ को बजेट तथा योजना तर्जूमामा संलग्न सम्पूर्ण कर्मचारी वर्गहरु !

फूङलिङ नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगरपालिको छैटौ नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७५/७६ को समीक्षा तथा आगामी आर्थिक वर्ष ०७६/७७ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउँदा  म अत्यन्तै गौरवान्वित भएको छु।

यस अवसरमा देश र जनताको राजनीतिक आर्थिक परिर्वतनका लागि आफ्नो महत्वपुर्ण जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु। साथै यसै क्रममा घाईते तथा अपाङ्ग भएका ब्यात्तिहरुको सु-स्वास्थ्य लाभको  कामना गर्दछु। राष्ट्रियता, गणतन्त्र, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नु हुने सम्पुर्ण नेपाली नागरिक र त्यसको सवल नेतृत्व गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

संविधान कार्यान्वयनको क्रमसगै आर्थिक समृद्धि तर्फ हाम्रो देश उन्मुख भएको सन्दर्भमा फुङलिङ नगरको समग्र विकास र सम्बृद्धिका लागि गत बर्ष पेश भएको नीति तथा  कार्यक्रम र विनियोजित बजेटको समीक्षा गर्दै आगामी आ. व. ०७६/७७ को लागि प्रस्तावित बजेट छैटौं नगरसभाबाट पारित गरी सुशासन र समृद्धिको महान यात्रा तय गर्ने क्रममा हामी जुटिरहेका छौं।

संघीय शासन प्रणाली अन्तरगत स्थानीय सरकारको रुपमा निर्वाचित जन प्रतिनिधिको हैसियतमा हामीले पहिलो पटक नीति, वजेट र  कार्यक्रम सार्वजनिक गरी कार्यन्वयन गरेको पनि   दुई बर्ष पुरा भई तेस्रो बर्ष सुरु हुन  लागेको छ।  दुई बर्षकै दौरानमा केही आशा लाग्दो गतिमा विकास निर्माणका कायिहरु अघि वढीरहेका छन। तथापि संस्थागत क्षमताको कमी, जनशक्तिको अभाव र जनताले स्थानीय सरकार प्रति गरेको ठुलो आशा र भरोसा  वीच सन्तुलन ल्याउन चालु आ. व. मा अवलम्वन गरिएका नीति,  बजेट र कार्यक्रमहरु  धेरै हदसम्म प्रभावकारी नै भएको मान्न सकिन्छ।

**नगर सभाका  सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

अव म  चालु आ. व. को  क्षेत्रगत नीति तथा कार्यक्रमको समिक्षा पेश गर्न चाहन्छु।

१. **आर्थिक क्षेत्रः-** यस नगरपालिका क्षेत्रको कृषि, पर्यटन, उद्योग, वाणिज्य, सहकारी, वित्तिय जस्ता आर्थिक विकासका पक्षहरुको प्रवर्द्धनमा चालु आर्थिक वर्षमा लिइएका नीतिहरु संतोषजनक नै रहेका छन। यस अवधिमा कृषि तर्फ व्यवसायिक कृषि उत्पादनका लागि केहि नयाँ पकेट तथा ब्लकहरुको निर्माण भएका छन। साना सिंचाइ योजनाहरुको कार्यन्वयन मार्फत सिंचाइ सुविधामा थप विस्तार भएको छ। व्यवसायिक पुश पालनमा जोड दिन नियमित उपचार सेवा, कृतिम गर्भाधान सेवा, गोठ सुधार पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर, पशु विमा तालिम, मासु व्यवसाय प्रबर्द्धन जोड दिइएको छ  भने  विभिन्न जातका हिउदे तथा बर्खे घासका बिउविरुवा र खर्क सुधार  जस्ता कार्यक्रमहरु कार्यन्वयन भइ अपेक्षित उपलव्धी हासिल भएको छ । धार्मिक पर्यटन प्रवर्द्धनका सन्दर्भमा पाथीभरा मन्दिरमा आउने दर्शनार्थीहरुको सुविधाका लागि विभिन्न स्थानमा सार्वजनिक शौचालयहरु ( तोक्मे हटीया, पुरानो बैक लाईन छेउ, सुकेटार  र   काफ्ले पाटी)  क्षेत्रमा सुविधायूक्त सार्वजनिक शौचालय निर्माणको कार्य पुरा भइसकेका  छन्।  तोक्मे डाँडा सुकेटार पदमार्ग लगायतका नगर क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्धन गर्नका लागि पदमार्गहरु निर्माण भैरहेका छन्।

२. **सामाजिक क्षेत्रः-** यस नगर क्षेत्रमा रहेका विद्यालयहरु मार्फत गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्ने कार्यमा नगरपालिका प्रतिवद्ध छ। चालु आ . व. मा विद्यालयको भौतिक पूर्वाधार निर्माण,  समयमानै पाढ्यपुस्तक तथा शैक्षिक  सामाग्री उपलब्ध गराई शैक्षिक वातावरणको वृद्धि गर्ने काम भएको छ भने नगरपालिका क्षेत्रभित्र रहेका अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य संस्था, खोप केन्द्रहरुको  भौतिक पुर्वाधार निर्माण तथा  सुधार भएका छन्  भने अति आवश्यक औषधी तथा उपकरणहरु खरिद गरी स्वास्थ्य केन्द्रमा उपलब्ध गराईएको छ।  मातृ सुरक्षा कार्यक्रमका

लागि विनियोजित वजेट को कमीले उत्पन्न समस्या समाधानका लागि गरिएका प्रयत्नहरु आंशिक रुपमा सफल भएका छन । महिला, वालवालिका, आदिवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, दलित लगायतका समुदायको उत्थानका लागि उल्लेख्य कार्यक्रमहरु संचालन भइ समावेशी विकासमा योगदान पुगेको विश्वास लिन सकिन्छ।

३. **पुर्वाधार क्षेत्रः-** चालु आ.व. मा नगरको बजेटको ठुलो हिस्सा पुर्बाधार क्षेत्रमा लगानी भई यातायातको पहुँचमा उल्लेख्य सुधार भएको छ । विकट भुगोल, छरिएको वस्ति, सार्वजनिक सुविधामा पहुँच विस्तार तथा स्थानीय उत्पादनको बजारीकरणका लागि पनि सडक तथा पुलहरुको विस्तार अति नै आवश्यक भएको सन्दर्भमा यस क्षेत्रमा उल्लेख्य प्रगति भएको अवस्था छ । विद्युतीय पोलहरुको उपलव्धता वढाइएको कारण वडाका केहि वस्तीहरुको ग्रामीण विद्युतिकरणमा सहयोग पुगेको छ । सुरक्षित तथा व्यवस्थित शहरी विकासमा जोड दिन नक्शा पास तथा अभिलेखिकरणलाइ तिब्रता दिने नीतिगत व्यवस्थामा आशा लाग्दो सफलता मिलेको छ।

४. **वातावरण तथा विपद व्यवस्थापनः-** विकास संगै हुने वन जंगलको विनास रोक्न जोड दिइएको छ। कतिपय भू-संवेदनशील क्षेत्रहरुमा तारजाली वितरण गरी भुक्षय रोकथामका प्रयासहरु भएका छन। तारजालीको न्यूनतम नगर स्तरीय स्टक रहने व्यवस्था मिलाइएको छ । यो नगरपालिका विपद जोखिमका दृष्टिले संवेदनशील रहेको कारण आकस्मिक राहत व्यवस्थापनका लागि न्यूनतम रु. १०,००,०००।- राशीको विपद कोषको व्यवस्था गरिएको छ। जिल्ला विपद व्यवस्थापन समितिको संस्थागत क्षमता विकासका लागि लजिष्टिक सहयोग उपलव्ध गराइएको छ । विपद् उद्दारका लागि दमकल र ट्रिपरलाई मर्मत संभार गरी २४ सै घन्टा प्रयोग गर्न सकिने अवस्थामा राखिएको छ। तत्कालै स्काभेटर प्रयोग गरी अवरुद्ध सडक सुचारु गरी आवत जावत तथा जन जीवनलाई सामान्यिकरण गर्ने कार्यहरु भएका छन्। वन नर्सरीको स्थापना गरी विभिन्न जातका विरुवाको उत्पादन तथा वितरण साथै नगर सौदर्यिकरणका लागि गमला वनाई विरुवा रोप्ने कार्यको शुरुआत गरिएको छ।

५. **संस्थागत विकास, सेवा प्रवाह र सुशासनः-** संस्थागत सुशासन, क्षमता विकास तथा सेवा प्रवाह सुधारका लागि अवलम्वन गरिएको नीतिहरु प्रभावकारी देखिएका छन। पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका लागि विकास गरी प्रयोगमा ल्याइएको मोवाइल एप्स, डिजिटल वडापत्र, सामाजिक संजालको प्रयोग, अप डेट वेव साइट, ग्रुप एसएमएस, इ-हाजिरीको प्रभावकारी प्रयोग भईरहेका छन्। सेवाग्राहीहरुलाई प्राथमिकताका साथ निष्पक्ष सेवा प्रवाह सुनिश्चित गर्न परीक्षणको रुपमा कार्यालयको राजश्व शाखामा क्यू म्यानेजमेन्ट प्रविधि प्रयोगमा ल्याइएको छ। सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने नितिलाई सुरुवात गरिएको छ। नागरिकहरुको सूचनाको हकको सम्मान तथा प्रवर्द्धनमा उल्लेखनीय भूमिका रहेको छ। सूचना प्रविधि अधिकृत को व्यवस्था मार्फत प्रविधिको उपयोगमा जोड दिइएको छ भने सूचना अधिकारीको ब्यवस्था गरी नागरिकले चाहेको सूचना प्रवाह गरिएको छ साथै नगर प्रवक्ता मार्फत नगरका सम्पुर्ण गतिविधि तथा निर्णयहरु सार्वजनिकीकरण गर्ने पद्धतिलाई निरन्तरता दिएको छ।

**नगर सभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**
**अब म अगामी आ.व. ०७६/७७ को लागि फूङलिङ नगरपालिकाको नीति, वजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।**

## १. दीर्घकालिन सोच

राष्ट्रले अंगिकार गरेको "समृद्ध नेपाल र सुखी नेपाली" को दीर्घकालिन लक्ष्य, सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकमा पुर्याउने र दिगो विकासको लक्ष्य हासिल गर्ने तथा विश्वव्यापी विकास लक्ष्यहरुलाई पुरा गर्ने राष्ट्रिय प्रतिवद्धतालाई मूर्त रुप दिनु स्थानीय सरकारको पनि प्रमुख जिम्मेवारी हुने भएकाले उपयुक्त स्थानीय नीति तथा कार्यक्रम मार्फत राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धता प्राप्तीमा सघाउ पुऱ्याउँदै यस नगरपालिकालाई "समृद्ध र उज्यालो नगर, फुङलिङबासीको रहर" भन्ने मूल नाराको साथ सुखी नगरवासी वनाउने दीर्घकालिन सोंच र लक्ष्यका सहित अगामी नीति, वजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

## २. बजेटको समष्टिगत लक्ष्य

१. कृषि क्षेत्रको व्यावसायिकरण र विकासमा जोड दिने ।

२. स्वास्थ्य चौकी नभएका वडामाहरुमा आधारभुत स्वास्थ्य केन्द्र निर्माण गरी स्वास्थ्य सेवाको प्रवाहमा सुधार गर्ने ।

३. नगरपालिकाले आफ्नै कार्यालय भवन निर्माण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने ।

४. नगरपालिकाको निर्माणधिन बसपार्कको भौतिक संरचना पूरा गरी बसपार्क संचालनमा ल्याउने ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रमका माध्यामबाट थप रोजगारीमा वृद्धि गर्ने ।

६. संघिय सरकार तथा प्रदेश सरकारसंगको समन्वयमा एक कृषि शितभण्डार निर्माण गर्ने ।

७. नगरपालिका क्षेत्र भित्रका अति विपन्न भूमिहीन सुकुम्बासीहरुको लगत तयार गरी सुकुम्बासी समस्याको पहिचान गर्ने ।

८. खानेपानीको गुणस्तरमा सुधार गर्दै सेवा विस्तार गर्ने ।

९. पूर्वाधार विकास कार्यक्रमको गुणस्तर सुधार गरी वातावरण मैत्री वनाउने ।

१० उद्योग वाणिज्य संघ सँगको सहकार्य र समन्वयमा सबै उद्योगी व्यवसायीलाई करको दायरामा ल्याउने र कर प्रशासनमा सुधार गरी राजश्व वृद्धी गर्ने ।

११ नगरपालिकाको नाममा रहेको बेरुजुलाई घटाउने ।

१२ सुशासन र जवाफदेहीतामा अभिवृद्धि गर्ने ।

१३ “हाम्रो नगरपालिका उज्यालो नगरपालिका” कार्यक्रम अन्तर्गत नगरपालिकामा सडक वत्ति जडान र विद्युत सेवा विस्तार गर्ने ।

१४. नगरपालिका भित्र रसायनिक मलको विस्थापन गर्न गोठ सुधार कार्यक्रम संचालन गरी अर्गानिक कृषि उत्पादनमा जोड दिने ।

१४ पर्यटन पूर्वाधारको विकास गर्ने ।

१५. शिक्षाको गुणस्तरमा वृद्धि गर्ने ।

१६. खेलकुदको माध्यमबाट स्वास्थ्य तथा सक्षम जनशक्तिको उत्पादन गर्ने ।

## ३. बजेटको उद्देश्य:-

उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै नगरवसीहरुको जीवनस्तरमा सुधार ल्याउने ।

## ४. बार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरू:

## ४.१. क्षेत्रगत प्राथमिकता र नीतिहरु

### ४.१.१. पूर्वाधार विकासका नीतिहरु र बजेट व्यवस्था

क) सडक, सिंचाई, भवन, ढल, कल्वट, पुल पुलेसा र पदमार्गको थप निर्माण तथा स्तरोन्नतिमा जोड दिइने छ ।

ख) निर्मित पूर्वाधार मर्मत संभार गर्नु पर्ने अवस्थामा नगरपालिकाले खडा गरेको मर्मत संभार कोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ । तालिम, गोष्ठी, सफ्टवेयरका कार्यक्रम र लक्षित वर्गको आयोजना वाहेकको प्रत्येक आयोजनाबाट मर्मत संभार कोषमा २% प्रतिशत रकम कट्टा गरिने नीतिलाई निरन्तरता दिइने छ ।

ग) नगर भित्रका स्थानीय सडकहरुको क्षेत्राधिकारलाई निरन्तरता दिइ कार्यान्वयन गरिने छ ।

घ) पूर्वाधार निर्माण गर्दा निर्माण कार्यले बातावरणलाई प्रभाव पार्न सक्ने नकारात्मक असरलाई कम गर्ने नीति लिइनेछ । निर्माण कार्यलाई वातावरणमैत्री बनाइदै लगिनेछ ।

ङ) नगरपालिकाको समग्र विकासको लागि नगरपालिकाको आवधिक तथा रणनैतिक योजना बनाइ दीर्घ कालिन सोचको आधारमा वार्षिक वजेट, नीति तथा कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिदै लगिनेछ

च) यस नगरपालिकाको सबै वडामा सामुदायिक विद्युतीकरण कार्यक्रम लागु भई “हाम्रो नगरपालिका उज्यालो नगरपालिका” कार्यक्रम अन्तर्गत शहरी क्षेत्र तथा सार्वजनिक क्षेत्रमा सडक बत्तिको विस्तार गर्ने निति लिइने छ ।

छ) नगरपालिकाको भवन,वडा कार्यालयको भवन, स्वास्थ्य चौकी, कवर्ड हल, प्रहरी चौकी, सामुदायिक भवन जस्ता अत्यावश्यकीय भवन संरचनाहरुको निर्माणलाई प्राथमिकता दिने नीति लिइने छ ।

ज) भूकम्प प्रतिरोधात्मक घर,भवनहरु निर्माण गर्न ग्रामीण क्षेत्रमा निर्माण सम्बन्धी काम गर्नेहरुलाई आबश्यक तालिमको व्यवस्था गर्दै लगिनेछ ।

झ) प्रत्येक वडामा शहरीकरण तथा बस्ती विकासमा जोड दिइनेछ ।

ञ) नगरपालिकामा नक्सा पास नगरी नया संरचना निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरिनेछ र पुरानो घर अभिलेख कार्यलाई निरन्तरता दिइनेछ ।

ट) नगरपालिका अन्तर्गतका वडा कार्यालय भवन निर्मण कार्यलाई क्रमशः अगाडि बढाइनेछ ।

समग्र पूर्वाधार क्षेत्रको उल्लेखित कार्यक्रम संचालन गर्न सडक निर्माण तर्फ रु.५ करोड ६० लाख , सिंचाई तर्फ रु. १९ लाख, पुलपुलेसा तर्फ २४ लाख ५० हजार, भवन निर्माण तर्फ रु. ३ करोड ६१ लाख ३३ हजार ३ सय ३४, खेलमैदान तर्फ रु. ७० लाख, खोल्सि नियन्त्रण र तटवन्धन तर्फ रु.३ लाख, ढल तथा नालि तर्फ रु. ६० लाख, पद मार्ग निर्माण ७० लाख ५० हजार, भौतिक पूर्वाधारको डीपीआर तयार ८ लाख, मेशिन औजार र सवारी साधन खरिद तर्फ ३८ लाख तथा समपुरक कोषाको लागि ५० लाख गरी कुल पुर्वाधार विकास तर्फ रु.१२ करोड ६७ लाख ५४ हजार ३ सय ३४ रुपैंया बजेट विनियोजन गरेको छु ।

## ४.१.२. आर्थिक विकासका नीतिहरु र बजेट व्यवस्था

### २.१.२.१. कृषि सम्बन्धी

क) नगदे बाली (विषेश गरी अलैची, गोलभेडा,अदुवा, सुन्तला,कागती) को उत्पादन वृद्धि गर्दै आय आर्जन मार्फत गरिबी निवारणमा सहयोग पुऱ्याउने नीति लिइएको छ । यसको लागि नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तर्गत संचालन गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, अलैंची कृषि जोन लगायत अन्य आयोजनाहरुसंगको समन्वय गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने नीति लिएको छ ।

ख) नगरपालिकाका विभिन्न क्षेत्रहरुमा उत्पादन हुन सक्ने सम्भाव्य कृषि उपजको पहिचान गर्ने र पकेट क्षेत्रको रुपमा स्थापित गर्दै लगिने छ ।

ग) खद्यान्नको परम्परागत उत्पान प्रणालीमा सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरिने छ ।

घ) नगरपालिका भित्र उत्पादित कृषिजन्य वस्तुहरुको बजार सुनिश्चिताका लागि आवश्यक पहल गरिनेछ ।

ङ) अर्गानिक खेतीलाई प्रोत्साहन गरी रसायनिक मलको प्रयोगलाइ विस्थापित गर्दै लगिनेछ ।

### २.१.२.२.उद्योग र पर्यटन

क) स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थ, स्रोत साधन र सीपमा आधारित घरेलु उद्योग स्थापना गर्न र यस्ता उद्योगहरुलाई प्रोत्साहन गर्न आवश्यक अध्ययन अनुसन्धान गरी योजना निर्माण गरिनेछ ।

ख) नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु, पाथीभरा देवीको मन्दिर, चण्डेश्वर धाम, शहिद स्मृति पार्क, रविन्द्र स्मृति पार्क, चारपाटे ढुङ्गा पर्यटन स्थल, मुक्तेश्वर मन्दिर ,ओख्रे चौर पार्क, शिवालय र देउराली भित्री सामुदायिक वनको गुप्ते क्षेत्रमा विश्व शान्ति पार्कको निर्माण गरी पर्यटन प्रवर्धनको लागि आवश्यक र्यक्रम तर्जुमा गरिनेछ ।

### २.१.२.३. पशु विकास

क) नश्ल शुधारको माध्यमबाट उन्नत जातका पशु उत्पादनमा जोड दिनेछ ।

ख) पशु स्वास्थ्य सुधारको लागि थप प्राविधिकको व्यवस्था गरिनेछ ।

ग) एक घर एक सुधारिएको गोठ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

घ) मासु तथा दुग्ध उत्पादनमा नगरलाई आत्म निर्भर बनाउँदै लगिनेछ ।

### २.१.२.४. सहकारी

क) अर्थतन्त्रको तीन खम्बा मध्ये एक खम्बाको रुपमा रहेको सहकारीको प्रवर्धन र विकासको लागि सहकारी नियमन र क्षमता अभिवृद्धि तथा सहकारी संस्थाको पुर्वाधार विकासमा जोड दिइनेछ ।

उल्लेखित समग्र आर्थिक क्षेत्रको विकासको लागि कृषि तर्फ रु.४६ लाख ५० हजार, पशु सेवा तर्फ रु.३३ लाख ७५ हजार, पर्यटन पुर्वाधार विकास तर्फ रु.६२ लाख ५० हजार र सहकारी विकास कार्यक्रम तर्फ रु.१५ लाख गरी कुल जम्मा रु.१ करोड ६० लाख ७५ हजार रकम विनियोजन गरेको छु । उल्लेखित वजेटमा संघ र प्रदेश तर्फको सशर्त अनुदान जम्मा रु.१७ लाख ८९ हजार समेत समावेश गरी कुल बजेट रु.१ करोड ७८ लाख ६४ हजार कायम हुने देखिन्छ ।

### ४.१.३. सामाजिक विकासका नीतिहरु र बजेट व्यवस्था

#### ४.१.३.१ शिक्षा

क) शिक्षासंग सम्बन्धित विभिन्न ऐन तथा नियमावली निर्माण गरी विद्यालयहरुको शैक्षिक वातावरण तथा शिक्षण सिकाईलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

ख) विगतमा जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरेका तर आवश्यक दरबन्दीको व्यवस्था नभएका प्रस्तावित विद्यालयहरुमा दरबन्दी तथा अनुदानको व्यवस्था गरिनेछ ।

ग) यसै शैक्षिक शत्रदेखि समय अनुकुल शिक्षक विद्यार्थी अनुपात निर्धारण गर्न पहल गरिनेछ । यहि अनुपातको आधारमा शिक्षक दरवन्दी मिलान गरिनेछ । विद्यार्थी संख्या अत्यन्त न्युन भएका विद्यालयहरुलाई नजिकको विद्यालयमा गाभ्ने वा कक्षा घटाई संचालन गर्ने नीति लिइनेछ ।

घ) शिक्षालाई गुणस्तरीय र प्रविधिमैत्रि बनाउन पुस्तकालय, प्रयोगशाला स्थापना हुन बाँकि विद्यालयहरुमा क्रमशः ई पुस्तकालय र प्रयोगशालाहरु स्थापना गर्दै लगिनेछ ।

ङ) शिक्षकहरुको क्षमता विकासको लागि आवस्यक तालिमको व्यवस्था गरीने छ ।

च) शिक्षाक्षेत्रको सुधारको लागि विद्यालयमा अभिभावकहरुलाई नियमित रुपमा बोलाउने र वालवालिकाहरुको पढाइको गुणस्तर सुधारमा शिक्षक अभिभावकको भूमिकाको सम्बन्धमा सचेत गराउने नीति लिइनेछ ।

छ) विद्यालयहरुमा आर्थिक सुशासन कायम गर्न सबै विद्यालयहरुले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र विद्यालयको आम्दानी र खर्चको हिसाव सार्वजनिक गर्ने व्यवस्था मिलाइ सो को अनुगमनको व्यवस्था मिलाइने छ ।

झ) सम्भव भएका विद्यालयहरुमा आगामी आ.व.देखि क्रमस इ–हाजीरीको व्यवस्था गर्दै लगिनेछ ।

ञ) निजी विद्यालयहरुको अभिलेख तयार गरी करको दायरामा ल्याउने नीति लिइने छ ।

ट) तोकिएको समयमै विद्यालय व्यवस्थापन समितिको गठन गरी विद्यालयको शैक्षिक वातावरणलाई चुस्त दुरुस्त बनाइने छ ।

ठ) शैक्षिक सुधारको लागि नियमित प्रधानाध्यापकहरुको बैठक संचालन गरिनेछ ।

### ४.१.३.२. स्वास्थ्य

क) पूर्ण खोपयुक्त कार्यक्रमलाई निरन्तरता बढाइनेछ।

ख) नगर क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुलाई साधन सम्पन्न बनाउँदै स्वास्थ्य सेवालाई गुणस्तरीय बनाईनेछ।

ग) बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिदै लगिनेछ।

घ) नेपालले अनुमोदन गरेको दिगो विकास लक्ष्यलाई सहयोग पुऱ्याउन पूर्ण सरसफाई युक्त नगरपालिका अभियान सञ्चालन गरिनेछ।

ङ) शुन्य होम डेलीभरीको नीति अवलम्वन गरिनेछ।

च) शिसु तथा आमाको स्वास्थ्यमा सुधार ल्याउन आवश्यक खोप लगाउन प्रोत्साहन गरिनेछ।

छ) सन्तुलित आहारा स्वस्थ जीवनको लागि अत्यन्त आवश्यक भएकोले एक घर एक करेसाबारी कार्यक्रमका लागि सुआहारा लगायतका दातृ निकाय तथा गैर सरकारी संस्थाहरु मार्फत साझेदारी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ।

ज) स्वास्थ्य सेवामा सर्वसाधारण जनताको पहुँच वृद्धि गर्न साविकको स्वास्थ्य चौकीबाट १ घण्टाभन्दा टाढा रहेका वस्तीहरुमा क्रमशःसामुदायिक स्वास्थ्य इकाईहरु स्थापना गर्दै लगिनेछ।

झ) महिला स्वयंम सेविकाहरुको सेवालाइ थप प्रोत्साहन गरिनेछ।

### ४.१.३.३. खेलकुद

क) युवा खेलाडीहरुको खेलप्रतिको भावनाको कदर गर्दै भलिवल, बास्केटवल र व्याडमिण्टन खेलको लागि म्याटको ब्यवस्था गरिने छ।

ख) नगरपालिकामा स्तरीय खेलमैदान निर्माण गर्ने नीति लिइनेछ।

ग) विभिन्न खेलकुद प्रतियोगिता स्थानीय क्लबहरु,विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने नीति लिइएको छ।

घ) एक वडा एक खेल मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

ङ) आन्तरिक प्रतियोगिता मार्फत राष्ट्रिय स्तरमा छनोट भएका खेलाडीहरुलाई क्षेत्रीय तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरुमा समावेश गरी उनिहरुलाई प्रोत्साहन गरिनेछ।

### ४.१.३.४.लैङ्गिक समानता र सामाजिक समावेशिकरण

क) लैङ्गिक समानता र सामाजिक समावेशिकरणको नीतिलाई आत्मसात गर्दै लक्षित वर्गको सम्मान चेतनावृद्धि, सीप र क्षमता विकास र सशक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछन्।

ख) विषयगत शाखाहरु र लक्षित वर्गका आधिकारीक संगठनहरुसँगको समन्वयमा लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी सञ्चालन गर्ने नीति लिइनेछ।

ग) महिलाहरुलाई आर्थिक उपार्जनका लागि सिपमूलक र आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

घ) बालमैत्री स्थानीय शासन अभियानलाई निरन्तरता दिइनेछ। वि.स. २०८० साल भित्रमा नगरपालिकालाई वाल मैत्री नगरपालिका घोषणा गर्ने उद्देश्य लिई आगामी आ.व. देखि निर्माण गरिने संरचनाहरुलाई बालमैत्री बनाउदै लगिनेछ।

ङ) स्थानीय भाषालाई प्रवर्द्धन गर्दै लगिनेछ। स्थानीय भाषाहरुको संरक्षण एवं सम्वर्द्धन गर्न नगरपालिकाको केन्द्रमा एक बहु भाषा पाठशाला स्थापना गर्न अध्ययन अनुसन्धान गरिनेछ।

च) ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण र सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ .

छ) चालु आ.व.देखि सुरु भएको ज्येष्ठ नागरिक विश्रामस्थल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

झ) अपाङ्गहरु पहिचान गरी उनीहरुको जीवनलाई सहज बनाउन स्वास्थ्य परीक्षण र सामाग्री सहयोग गरिनेछ र अपाङ्ग परिचय पत्र सहज रुपमा उपलब्ध गराउन महिला वालवालिका तथा समाज कल्याण शाखाको आधिकारिक प्रतिनिधिलाई घरमै गएर परिचय पत्र उपलब्ध गराउने नीति लिइने छ।

ञ) दलित तथा उत्पिडित जातीको उत्थानलाई प्राथमिकता दिइनेछ । उनीहरुको शिक्षामा पहुँच वृद्धिको लागि दलित छात्रावृत्तिको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

ट) दलित आवास कार्यक्रमलाई आगामी आ . व. मा समेत निरन्तरता दिइने छ ।

ठ) छुवाछुत मुक्त नगरपालिका वनाउने अभियानलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

ड) सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी गराउन नगरपालिकाको आफ्नै वेभ साइट मार्फत सार्वजनिक गर्ने नीति लिइने छ ।

ढ) सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी वनाउन वितरण अघि वडा समितिबाट अनिवार्य रुजु गर्ने नीति लिइने छ ।

ण) सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी वनाउन बैंकिङ प्रणालीबाट वितरण गर्ने कामलाई विस्तार गर्दै लगिनेछ ।

**४.१.३.५.खानेपानी तथा सरसफाई**

क) स्वच्छ तथा स्वस्थ खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी नया आयोजनाहरु संचालन तथा पुराना खानेपानी आयोजनाहरुको मर्मत संभार कार्यक्रम संचालन गरिनेछ ।

ख) खानेपानीको मुहान संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ ।

ग) एक घर एक धारा को नीतिलाई कार्यान्वयन गरिनेछ ।

घ) नगरपालिकालाई क्रमशः पूर्ण सरसफाई तर्फ उन्मुख गराउन आवश्यक पहल गरिनेछ । यसको लागि वडाहरुमा अभियान सञ्चालन गर्दै लगिनेछ ।

**४.१.३.६.सँस्कृती तथा पर्यटन प्रवर्धन**

क) नगरपालिका क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक स्थलहरुको पहिचान, संरक्षण र विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

उल्लेखित समग्र सामाजिक विकासको क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तर्फ रु.८९ लाख, स्वास्थ्य तर्फ रु.३९ लाख ५० हजार, खेलकुद कार्यक्रम तर्फ रु.३५ लाख ५० हजार, लैङ्गिक समानता र सामाजिक समावेशिकरण तर्फ रु.९३ लाख ८८ हजार, खानेपानी तथा सरसफाई तर्फ रु १ करोड १२ लाख र संस्कृति प्रवर्धन कार्यक्रम तर्फ ९० लाख गरी कुल जम्मा रु.४ करोड ५९ लाख ८८ हजार विनियोजन गरेको छु । यसमा संघिय सरकारको सशर्त अनुदान रु. १९ करोड ७४ लाख १८ हजार समावेश गर्दा जम्मा बजेट कुल रु.२४ करोड ३४ लाख ६ हजार कायम हुने देखिन्छ ।

**४.१.४. सार्वजनिक सेवा तथा क्षमता विकासका नीतिहरु र बजेट व्यवस्था**

क) नगरपालिकामा विद्युतीय शासन स्थापना गर्न आवश्यक पुर्वाधारको व्यबस्था गर्दै लगिने छ ।

ख) नगरपालिकामा MIS प्रणाली मार्फत पञ्जिकरण तथा सामाजिक सेवाको लगत राख्ने व्यवस्था मिलाइने छ ।

ग) सबै वडाहरुमा इन्टरनेटको पहुँच बिस्तार गर्न पहल गरिनेछ ।

घ) नगरपालिकाबाट संपादन हुने काम , प्रदान गरिने सेवा तथा सचालित योजना वारे जनतालाई सुसूचित गराउन नगरपालिका भित्र संचालित ३ वटै FM रेडियो र २ वटा पत्रिकासँग बार्षिक संझौतागरी नगरपालिकाका गतिविधिहरु प्रशारण र प्रकाशन गरिनेछ ।

ङ) सेवा प्रवाहको अवस्थालाई चुस्त दुरुस्त बनाउन संगठन संरचनाको पुनरावलोकन गरीनेछ ।

च) डिजिटल नागरीक वडापत्र, वेवसाइड संचालन, मोवाइल एप्सलाई संचालन तथा अद्यावधिक गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउँदै लगिनेछ ।

छ) आगामी आ.व.मा नगर गुरुयोजना र क्षमता विकास योजना तयार गरी लागु गरिनेछ । साथै नगरको समग्र बस्तु स्थिति विवरण (प्रोफाइल) तयार गरिनेछ ।

ज) कर्मचारीको क्षमता विकास गर्नका लागि विद्युतीय लेखा प्रणाली, पञ्जिकरण (MIS) सम्बन्धी तालिम उपलब्ध गराइनेछ।

झ) आयोजनाहरुलाई चुस्त दुरुस्त बनाउनका लागि सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई,अनुगमन तथा सुपरीवेक्षण जस्ता कृयाकलाप सञ्चालन गरिनेछ। आयोजनाको रकम भुक्तानी दिनु पुर्व सार्वजनिक परीक्षण गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

ञ) उपभोक्ता समिति अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ।

ट) कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्नका लागि तालिम, अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्ने तथा कार्य सम्पादनमा आधारित सम्मान तथा दण्डको व्यवस्था गर्ने नीतिलाई चालु आ.व.मा समेत निरन्तरता दिइने छ।

उल्लेखित समग्र सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रगत कार्यक्रम संचालन गर्न नगर गुरु योजना तयारी रु.५ लाख, संस्थागत विकासको लागि रु.५ लाख, सूचना प्रविधिको लागि रु.७ लखा, सार्वजनिक सुनुवाइको लागि रु.२ लाख २५ हजार, सामाजिक परीक्षणको लागि रु.२ लाख र नगर प्रोफाइल तयारीको लागि रु.१६ लाख गरी कुल जम्मा रु.३७ लाख २५ हजार बजेट विनियोजन गरेको छु।

**४.१.५. वातावरण तथा विपद् व्यवस्थापन समितिका नीति तथा बजेट व्यवस्था**

क) विपद् प्रति कार्य योजना निर्माण गरी सरोकार वालाहरुसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ। नगरपालिका भित्रका सम्भाव्य विपद्को पहिचान गरिनेछ र यसबाट हुने हानी र बच्ने उपाय सम्बन्धी सचेतना अभियानहरु संचालन गरिनेछ।

ख) नगरपालिका विपद् व्यवस्थापन कोष वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

ग) विपद्को समयमा तत्काल उद्धार गर्न उद्धार टोली तयार गर्ने नीति लिइनेछ। आपतकालिन उद्धार तथा खोज सम्बन्धी सामाग्रीहरुको जोहो गर्दै लगिने छ।

घ) विपदमा परेका घर परिवारलाई निश्चित मापदण्डका आधारमा राहत उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइएको छ।

क) जल उत्पन्न प्रकोप नियन्त्रण गर्न आवश्यक कार्यक्रम तयार गरी लागु गरिनेछ।

ग) पहिरो रोकथाम र नियन्त्रण कार्यलाइ जोड दिइने छ।

घ) सडक निर्माण भएका क्षेत्रमा वायो इन्जिनीयरिङ्ग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) आगामी आर्थिक वर्षमा वन नर्सरीको व्यवस्था गरिनेछ र बजार क्षेत्रमा गमला र विरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

च) फोहोर मैला व्यवस्थापन कार्यलाई अझ सुदृढ बनाईनेछ।

उपरोक्त वातावरण तथा विपद व्यवस्थापन कार्यक्रम कार्यान्वयनको लागि कुल जम्मा रु.२८ लाख ७५ हजार रकम विनियोजन गरेको छु।

**४.१.६. विधेयक समितिको नीतिहरु र बजेट ब्यवस्था**

क) बिधेयक समितिको क्षमता विकास कार्यक्रमलाई अघि बढाइनेछ।

ख बिधेयक समितिको कामलाई थप प्रभावकारी बनाई अघि बढाइनेछ।

ग) बिधेयक समितिको कार्यालय संचालन तथा व्यवस्थापनमा सुधार गरिनेछ।

उपरोक्त बिधेयक समितिको कार्यक्रम कार्यान्वयनको लागि कुल जम्मा रु.५ लाख रकम विनियोजन गरेको छु।

**४.१.७. न्यायिक समितिको नीतिहरु र बजेट ब्यवस्था**

क) न्यायिक समितिको क्षमता विकास कार्यक्रमलाई अघि बढाइनेछ।

ख न्यायिक समितिको कामलाई थप प्रभावकारी बनाई अघि बढाइनेछ।

ग) न्यायिक समितिको कार्यालय संचालन तथा व्यवस्थापनमा सुधार गरिनेछ।

घ) न्यायिक समितिको कामलाई थप प्रभावकारी वनाउन वडा स्तरमा मेलमिलाप समिति गठन गर्दै लगिनेछ

उपरोक्त न्यायिक समितिको कार्यक्रम कार्यान्वयनको लागि कुल जम्मा रु.५ लाख रकम विनियोजन गरेको छु।

**४.१.८. राजश्व परिचालनको नीतिहरुः**

क) प्रगतिशिल कर प्रणाली लागू गरिनेछ ।

ख) करदाताहरु मध्येबाट चालु आ.व. भित्र सबै भन्दा बढी कर तिर्ने करदातालाई विशेष कार्यक्रमका साथ सम्मान गर्ने नीति लिइने छ ।

ग) मदिरा तथा सूर्तिजन्य पदार्थहरुको वेग्ला बेग्लै पसल राखी बिक्री बितरण गर्ने व्यवस्था मिलाइनेछ । साथै छुट्टा छुट्टै प्रकृतिका व्यवसायका लागि छुट्टा छुट्टै व्यवसाय दर्ता गरी संचालन गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

घ) आर्थिक रुपले सक्षम नगरपालिका निर्माण गरिंदै लगिनेछ । नगरपालिकाले आफ्नो चालू तर्फको खर्च धान्ने राजश्व संकलनगर्न सक्ने गरी कर तथा गैर कर राजश्वको दायरालाई फराकिलो बनाउदै लगिनेछ ।

ङ) कर प्रशासनलाई चुस्त र दुरुस्त वनाइनेछ ।

च) विगत तीन आ.ब. देखि वृद्धि हुन नसकेको करको दर रेटमा आगामी आ.ब.को लागि केही वृद्धि गरी पेश गरेको छु । यस अघि बंशजको आधारमा नागरिकताको लागि वडावाट लिइने सिफारिस दस्तुरमा आगामी आ.व.देखि पूर्ण रुपले छुट दिने प्रस्ताव पेश गरेको छु । कर तथा राजस्वको प्रस्ताव आर्थिक विधेयकको रुपमा छुट्टै पेश गरेको छु ।

**आदरणीय नगर सभा अध्यक्ष एवम नगर सभाका सदस्य ज्यूहरु !**

अब म अगामी आर्थिक वर्ष २०७६/७७ का लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालनका लागि गरिएको प्रवन्ध यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

अगामी आ. व. मा कुल रु. ५३ करोड ७७ लाख २७ हजार ३ सय ३४ रुपैयाँ खर्च हुने गरी वजेट प्रस्ताव गरेका छु । जसमा चालु खर्च तर्फ कुल रु. ३७ करोड ४९ लाख २ हजार तीन सय ३१ रुपैयाँ अर्थात ६९.७२ प्रतिशत तथा पुँजीगत तर्फ कुल रु.१६ करोड २८ लखा २५ हजार ५ रुपैंया अर्थात ३०.२८ प्रतिशत खर्च हुने अनुमान गरेको छु । प्रस्तुत खर्चमा सामाजिक सुरक्षा तर्फ ४ करोड ५१ लाख ५० हजार तथा सशर्त अनुदान तर्फको रु.२० करोड ६९ लाख समेत समावेश रहेको छ ।

उपरोक्त खर्चहरुको लागि आम्दामी स्रोतहरु मध्ये आन्तरिक राजश्व परिचालन वाट रु १ करोड ३५ लाख, वित्तिय समानिकरण अनुदान (केन्द्र) वाट रु १५ करोड २२ लाख, राजश्व वाँडफाँड (केन्द्र) वाट रु ७ करोड ७८ लाख, सशर्त अनुदान केन्द्रवाट २० करोड ६९ लाख, सामाजिक सुरक्षा अनुदान (केन्द्र) वाट रु ४ करोड ५१ लाख ५० हजार, वित्तिय समानिकरण अनुदान प्रदेशवाट रु ७२ लाख १६ हजार, प्रदेश राजश्व वाँडफाँडवाट रु ८६ लाख ६० हजार तथा सञ्चित कोषवाट अनुमानित अल्या रकम रु. २ करोड ६३ लाख १ हजार ३ सय ३४ गरी व्यहोरिने छ । आगामी आर्थिक बर्षको आय र व्यय सम्बन्धी विवरण विनियोजन विधेयकको विभिन्न अनुसूचीहरुमा समावेश गरी पेश गरेको छु ।

नगरपालिकासँग समन्वय र सहकार्यमा रहेका १३ वटा गैससहरु मार्फत अगामी आ. व. मा यस नगरपालिकामा सञ्चालन हुने कार्यक्रमका लागि कुल रु. ९ करोड २५ लाख १७ हजार ९ सय ४६।- परिचालन हुने भएको अवस्था नगरसभामा जानकारी गराउन चाहन्छु ।

प्रस्तावित नीति बजेट तथा कार्यक्रम कार्यन्वयनका लागि आर्थिक विधेयक २०७६ र बिनियोजन बिधेयक २०७६ यसै साथ सभामा पेश गरेको छु ।

योजनाको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण कार्य हो, त्यो भन्दा महत्वपूर्ण कार्य त्यसको प्रभावकारी कार्यान्वयन हुनु हो । सम्वद्ध सवै पक्षको सार्थक सहयोगबाट तयार भएको यो दस्तावेजको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने तथ्य निर्विवाद छ । यस अवसरमा फुङलिङ नगरपालिकाको विकासको सन्दर्भमा प्रभावकारी भूमिका खेल्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरु, स्थानीय र राष्ट्रिय संघ संस्थाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै भोलिका दिनहरुमा समेत यथोचित सहयोग र सद्भावको अपेक्षा गरेको छु । यसै सन्दर्भमा वजेट तथा कार्यक्रमको पूर्ण विवरण समेटिएको नगर सभाको निर्णय पुस्तिका पछि यथाशिघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु ।

**अन्तमा,**

प्रस्तुत आर्थिक बर्ष ०७६/७७ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुरयाउनु हुने नगरप्रमुख ज्यू, योजना तर्जूमाको प्रारम्भिक चरणदेखि नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्दा सम्मका हरेक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्याउनु हुने नगरकार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, वडासचिवहरु, संचारकर्मी मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी नगर परिषद्को तयारीको प्रारम्भिक चरणदेखि अहोरात्र खट्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा सवै कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा वजेट समयमै कार्यन्वयन गरी प्रतिफल प्राप्तिका लागि यहाँहरु सहित सम्पूर्ण नगरवासीहरुको सकृय सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै मेरो प्रस्तुतिलाइ यही अन्त्य गर्दछु ।

**धन्यवाद् !**

**मिति २०७६ साल आषाढ १० गते रोज ३ शुभम् ।**